नेपाल खुला विश्वविद्यालय
स्था: २०७३

# नेपाल खुला विश्वविद्यालय

केन्द्रीय कार्यालय
मानभवन, ललितपुर, नेपाल

☎: ०१-५००८०४७
०१-५००८०४८


प.सं.: ०७५/७६
च.नं.: ३४८

मितिः २०७६।०३।१२

## छात्रवृत्तिका रुपमा शिक्षण शुल्क छुटका लागि आवेदन फारम आव्हानको सूचना

नेपाल खुला विश्वविद्यालय, समाजिक शास्त्र तथा शिक्षा संकाय अन्तर्गत वि.सं. २०७४ हिउँदे समूहमा Mphil in Education (English Education, Health Education, Nepali Education, Mathematics Education, Education Studies), Mphil in Social Sciences (Economics, Political Sciences and Sociology), PG Diploma in Distance & E-Learning तथा Diploma in Library & Information Management र विज्ञान स्वास्थ्य तथा प्रविधि संकाय अन्तर्गत वि.सं. २०७४ हिउँदे समूहमा Mphil in ICT र Master in e-Governance व्यवस्थापन तथा कानून संकाय अन्तर्गत २०७५ बर्षे समूहमा Master of Business Administration (MBA) र MS in Development Management and Governance (MSDMG) बिषयको प्रथम सेमेष्टरमा भर्ना भई हाल सोही तह र बिषयको दोस्रो सेमेष्टरमा भर्ना भई नियमितरुपमा अध्ययनरत विद्यार्थीहरुलाई विश्वविद्यालयले कुल विद्यार्थी भर्ना संख्याको १०% लाई छात्रवृत्तीका रुपमा उपलब्ध गराउने शिक्षण शुल्क छूटको व्यवस्था अनुसार नेपाल खुला विश्वविद्यालय छात्रवृत्ती वितरण निर्देशिका, २०७५ बमोजिम जेहेन्दार छात्रवृत्ती र गरिब तथा समावेशी छात्रवृत्तीका रुपमा शिक्षण शुल्क छुट लिनका लागि इच्छुक विद्यार्थीहरुले मिति २०७६/३/१३ गते देखि मिति २०७६/४/२ गते सम्म विश्वविद्यालयको वेवसाईटमा प्रकाशित सूचनामा तोकिएका कागजातहरु सहित विश्वविद्यालयको वेवसाईट ***www.nou.edu.np*** मा रहेको छात्रवृत्ती सम्बन्धी आवेदन फारम भरी पठाउन यो सूचना प्रकाशन गरिएको छ । छात्रवृत्ति सम्बन्धी विस्तृत विवरणका लागि विश्वविद्यालयको वेवसाइटमा राखिएको "नेपाल खुला विश्वविद्यालय छात्रवृत्ति वितरण सम्बन्धी निर्देशिका, २०७५" बाट जानकारी लिन समेत अनुरोध गरिन्छ ।

क) जेहेन्दार छात्रवृतिको लागि प्रथम सेमेष्टरको सत्रान्त बाह्य परीक्षामा सबै भन्दा बढी प्राप्ताङ्क प्राप्त गरेको हुनुपर्नेछ ।

ख) गरीव तथा समावेशी छात्रवृत्तिका लागि प्रथम सेमेष्टरमा सोही समूहबाट छात्रवृत्ती प्राप्तगरी प्रथम सेमेष्टरको सत्रान्त बाह्य परीक्षा उत्तीर्ण भएको हुनुपर्नेछ ।

रेशमकुमारी श्रेष्ठ
शाखा अधिकृत
**शाखा अधिकृत**



ईमेल: info@nou.edu.np, वेभसाइट: www.nou.edu.np, पोष्टवक्स नं.: २९६

प.सं.:

च.नं.:

दोस्रो सेमेष्टर छात्रवृत्ति विवरण

तपसिल

| सिं.नं | तह र विषय | दोस्रो सेमेष्टरमा कुल भर्ना विद्यार्थी सख्या | छात्रवृत्ति वितरण संख्या कोटा संख्या | छात्रवृत्ति कोटा | | | |
|---|---|---|---|---|---|---|---|
| १ | | | | जेहेन्दार | गरीब तथा समावेशी | | |
| २ | | | | | गरीव | महिला | आदिवासि /जनजाती, मधेशी र पिछडिएको वर्ग( दलित,अपाङ्ग, द्वन्द पिडित र जनआन्दोन घाइते ) |
| ३ | **Diploma in Library & Information Management** | ११ | २ | १ | | १ | |
| ४ | **Post Graduate Diploma in Distance and e-Learning** | ४ | १ | १ | | | |
| ५ | **M Phil in Economics** | २१ | २ | १ | | १ | |

शाखा अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | M Phil in Political Science | ७ | १ | १ | | | |
| ७ | M Phil in Sociology | १८ | २ | १ | १ | ० | |
| ८ | M Phil in Nepali Education | ३५ | ४ | २ | | १ | १ |
| ९ | M Phil in English Education | ३८ | ४ | २ | १ | १ | |
| १० | M Phil in Health Education | १७ | २ | १ | १ | | |
| ११ | M Phil in Education Studies | ३२ | ३ | १ | १ | १ | |
| १२ | M Phil in Mathematics Education | २९ | ३ | १ | १ | १ | |
| १३ | M. Phil in ICT | २१ | २ | १ | | | १ |
| १४ | Master in e-Governance | ३८ | ५ | २ | १ | १ | १ |
| १५ | Master of Business Administration (MBA | २७ | ३ | १ | १ | ० | १ |
| १६ | MS in Development Management and Governance (MSDMG), | २२ | २ | १ | ० | १ | |

नोट: गरीव तथा समावेशी जेहेन्दार छात्रवृत्तिका लागि आफू सम्बन्धित समुदायको व्यक्ति भएको प्रमाणित हुने गरी निम्न निकायबाट प्रदान गरेको सिफारिस पत्र

...त्रा अधिकृत

नेपाल खुला विश्वविद्यालय
नेपाल खुला विश्वविद्यालय
स्था: २०७३
केन्द्रीय कार्यालय
मानभवन, ललितपुर, नेपाल
☎: ०१-५००८०४७
०१-५००८०४८

प.सं.:
च.नं.:

| समावेशी समूह | सिफारिस गर्ने निकाय तथा व्यहोरा |
|---|---|
| गरीव | सम्बन्धित गा.पा. वा. महा /उप ./न.पा बाट |
| समुदायिका विद्यालयमा अध्ययन गरेको सिफारिस | सम्बन्धित गा.पा. वा. महा /उप ./न.पा बाट |
| आदिवासि जनजाती | आदिबासी/ जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट |
| मधेशी | सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट |
| दलित | सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट वा राष्ट्रिय दलित आयोग ( राष्ट्रिय दलित आयोगबाट सूचीकृत जातीहरु मात्र) |

**छात्रवृत्ति सम्बन्धी अन्य जानकारीहरु**

क) जेहेन्दार छात्रवृतिको लागि प्रथम सेमेष्टरको सत्तान्त बाह्य परीक्षामा सम्बन्धित तह र विषयमा सबैभन्दा बढी अंक प्राप्त गर्नेलाई क्रमश:उपलब्ध गराइनेछ ।

ख) गरीब तथा जेहेन्दार छात्रवृत्तिका लागि "नेपाल खुला विश्वविद्यालय छात्रवृत्ति निर्देशिका, २०७५" ले तोके बमोजिम प्रथम सेमेष्टरमा सो छात्रवृत्ति प्राप्त गरेका विद्यार्थी सो सेमेष्टर उतीर्ण गरेमा दोस्रो सेमेष्टरमा निरन्तर छात्रवृत्ति प्राप्त गर्नेछ यदी यस्तो विद्यार्थी प्रथम सेमेष्टरमा अनुत्तिर्ण भएमा सम्बन्धित समूहका अन्य उत्तीर्ण भएकाहरु मध्येबाट उक्त सेमेष्टर वा वर्षको सत्रान्त परीक्षामा सबैभन्दा बढी अंक वा ग्रेड प्राप्त गरी उत्तीर्ण विद्यार्थीलाई तोकिएको संख्यामा छात्रवृत्ति प्रदान गरिनेछ ।

ग) रितपूर्वक दरखास्त पेस गर्ने विद्यार्थीहरुले गरीब तथा समावेशी सम्बन्धी कागज प्रमाण समेतको आधारमा नियमानुसार समावेशी समूहको योग्यताक्रम कायम गरिनेछ । प्रथम सेमेष्टरमा यस्तो कागज प्रमाण पेश गरेकाले पुनः पेश गर्नुपर्ने छैन ।

घ) गरीवको सिफारिस निर्देशिकामा तोकिए अनुसारको ढाँचामा मिति २०७६/३/१३ गते देखि मिति २०७६/४/२ गतेसम्ममा सम्बन्धित व्यक्ति बसोबास गरेको गा.पा. वा महा/ उप/न.पा ले कारण खुलाई विपन्न आर्थिक अवस्था भएको भनी प्रमाणित गरेको वा नेपाल सरकारको बैधानिक निकायले प्रदान गरेको गरीवको प्रमाण पत्र समावेश गर्नुपर्नेछ ।

ङ) गरीब तथा समावेशी छात्रवृत्ति नेपाल सरकारको पूर्ण वा आशिंक अनुदान प्राप्त गर्ने संघ वा संस्था वा विद्यालय वा क्याम्पस वा कार्यालय वा संस्थागत विद्यालय वा निजी क्याम्पस वा दर्तावाल राष्ट्रिय वा अन्तर्राष्ट्रीय गैर सरकारी संस्थामा अधिकृत सरहको पदमा कार्यरत विद्यार्थीले प्राप्त गर्न सक्नेछैनन् ।

शाखा अधिकृत



ईमेल: info@nou.edu.np, वेभसाइट: www.nou.edu.np, पोष्टवक्स नं.: २९६